# गेरुवा गाउँपालिका
# २०७४

## चौधौं कार्यपालिका बोर्ड बैठक
**२६ माघ, २०७४**

| | | |
|---|---|---|
| गाउँपालिका | : | गेरुवा गाउँ कार्यपालिकाको कार्यालय |
| स्थान | : | पशुपतिनगर,बर्दिया |
| प्रदेश | : | ५ नं. प्रदेश, नेपाल |

**आज मिति २०७४ साल माघ २६ गतेका दिन गेरुवा गाउँ पालिकाका अध्यक्ष श्री जमानसिंह के.सी.ज्यू को अध्यक्षतामा कार्य पालिकाको चौधौं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।**

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष | सभाध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष | सदस्य |
| श्री दयाराम बैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ | ,, |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ | ,, |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ | ,, |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ | ,, |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ | ,, |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ | ,, |
| श्री शान्ती चौधरी | - | सदस्य | ,, |
| श्री राजु बडुवाल खत्री | - | सदस्य | ,, |
| श्री चन्द्ररुपा कामी | - | सदस्य | ,, |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य | ,, |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य | ,, |
| श्री बम बहादुर वि क. | - | सदस्य | ,, |
| श्री भीम बहादुर खत्री | - | कार्यकारी अधिकृत | सदस्य सचिव |

**<u>प्रस्तावहरु</u>**

**१ कार्य सम्पादन सम्झौता सहितको अख्तियारी दिने सम्बन्धमा**

**२ हिउँदे गाउँ सभा आयोजना गर्ने सम्बन्धमा**

**३ आर्थिक अनुशासन कायम गर्ने सम्बन्धमा**

**४ थारु हेल्पडेस्कमा सहजकर्ता/स्वर्यसेवक व्यवस्थापन गरी कार्य सञ्चालन सम्बन्धमा**

**५ बिबिध**

**(क) विशेष बोर्ड बैठक तथा अर्को बोर्ड बैठकका लागि अग्रिम प्रस्ताव तय गर्ने सम्बन्धमा**

**(ख) स्थानीय स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन निर्देशिका २०७४**

**(ग) नियमित बोर्ड बैठक सम्बन्धमा**

## निर्णयहरु :-

### १ कार्य सम्पादन सम्झौता सहितको अख्तियारी सम्बन्धमा

प्रस्ताव नं. १ माथी छलफल गर्दा गेरुवा गाउँपालिकाको प्रथम गाउँसभाबाट स्वीकृत भएका उपभोक्ता समिति मार्फत सम्पन्न हुने सवै योजनाहरु सम्बन्धित वडाबाटै कार्य सम्पादन गरी भूक्तानीका लागि सिफारीश दिई पठाउने गरी गाउँ कार्यपालिका कार्यालयले सम्बन्धित वडा कार्यालय संग कार्य सम्पादन सम्झौता गरी अख्तियारी दिन निर्देशन दिने निर्णय गरियो ।

### २ हिउँदे गाउँ सभा आयोजना गर्ने सम्बन्धमा

प्रस्ताव नं.२ माथी छलफल गर्दा चालु आर्थिक बर्ष २०७४/०७५ को चालु कार्यक्रमको अर्ध-बार्षिक समिक्षा गर्न र आगामी आर्थिक बर्ष २०७५/०७६ को कार्यक्रम प्रस्ताव गर्न साथै गेरुवा गाउँपालिकाबाट निर्माण गरिएका ऐन,नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरु अनुमोदन गर्ने र आबश्यक पर्ने नयाँ ऐनहरु समेत निर्माण गर्ने प्रयोजनका लागि २०७४/११/३० गते देखी गेरुवा गाउँपालिकाको दोश्रो गाउँसभा आयोजना गर्नका लागि देहाय वमोजिमका पदाधिकारी रहेको १५ सदस्यीय गेरुवा गाउँपालिकाको दोश्रो गाउँ सभा आयोजक समिति गठन गर्ने निर्णय गरियो ।

**गेरुवा गाउँपालिकाको दोश्रो गाउँ सभा आयोजक समिति**

| | | |
|---|---|---|
| १ | विनोद रिमाल | संयोजक |
| २ | प्रकाश शर्मा | सदस्य |
| ३ | तुल्सीराम श्रेष्ठ | ,, |
| ५ | कुन नारायण चौधरी | ,, |
| ६ | ठाकुर प्रसाद चौधरी | ,, |
| ७ | राजेश चौधरी | ,, |
| ८ | भुमि राज घिमिरे | ,, |
| ९ | नारायण भण्डारी | ,, |
| १० | भुपेन्द्र शाही | ,, |
| ११ | डिल बहादुर जि.सि. | ,, |
| १२ | पूर्ण बहादुर खत्री | ,, |
| १३ | विश्वरुप जोशी | ,, |
| १४ | पदमराज पाण्डे | ,, |
| १५ | पंकज रायमाझी | ,, |

**निर्णय नं. ३ आर्थिक अनुशासन कायम गर्ने सम्बन्धमा**

**प्रस्ताव नं. ३** माथी छलफल गर्दा गेरुवा गाउँपालिकाको प्रथम गाउँसभाले भ्रष्टाचार विरुद्ध शून्य सहनशिलता कायम गर्ने र सुशासन प्रदान गर्ने शंकल्प गरिसकेको अवस्थामा यस गाउँपालिका र अन्तर्गत सञ्चालन हुने सवै किसिमका आर्थिक कृयाकलापहरुमा नियमितता र एकरुपता ल्याउन अत्यावश्यक रहेकोले गेरुवा गाउँ कार्यपालिका कार्यालय, वडा कार्यालय, बिषयगत शाखाहरु र यस गाउँपालिका अन्तर्गत क्षेत्रमा काम गर्ने सवै सरकारी/गैह्र सरकारी निकायहरुबाट सञ्चालन हुने कार्यक्रमहरुमा आर्थिक अनुशासन कायम गर्नका लागि मौजुदा आर्थिक ऐन/नियम, सार्वजनिक खरिद ऐन/नियम, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी भएका निर्देशिका/मापदण्डहरुको पूर्ण पालना गर्ने/गराउने साथै उक्त सवै प्रावधानहरु समेतलाई समेटि गेरुवा गाउँपालिका, सार्वजनिक खरिद ऐन, २०७४ र गेरुवा गाउँपालिका सार्वजनिक खरि नियमावली, २०७४ निर्माण गर्न मस्यौदा तयार गरी पेश गर्न निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ थारु हेल्पडेस्कमा सहजकर्ता/स्वर्यसेवक व्यवस्थापन गरी कार्य सञ्चालन सम्बन्धमा**

**प्रस्तावनं. ४** माथी छलफल गर्दा गेरुवा गाउँ कार्यपालिका र वडा कार्यालयहरुबाट सुशासन प्रदान गर्ने उदेश्यले स्वीकृत गरिएको थारु हेल्पडेस्क कार्यक्रम, २०७४ लाई सफलताका साथ सम्पन्न गराउनका लागि बिषय संग सम्बन्धित बिषय विज्ञहरु मनोनयन गरी छनौट समितिबाट परीक्षा प्रणाली र प्रश्नपत्र सम्बन्धमा कार्यक्रम निर्णय गराई वडाहरुको सहजकर्ता र स्वयं सेवकहरुका हकमा सम्बन्धित वडाध्यक्ष र सचिव, गाउँपालिकाका सहजकर्ता र स्वयं सेवकका सम्बन्धमा गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत समेत रहेको उपाध्यक्षको संयोजकत्वको पदपूर्ति समितिबाट समर्थन गराउने गरी पदपूर्ति कार्य सम्पादन गर्न जोगनी युवा क्लवलाई निर्देशन गर्ने निर्णय गरियो ।

**५ बिबिध**

(क) विशेष बोर्डबैठक तथा अर्को बोर्ड बैठकका लागि अग्रिम प्रस्ताव तय गर्ने सम्बन्धमा
प्रस्ताव नं.(क) माथी छलफल गर्दा बिशेष बैठक बस्नु पर्दा विना एजेण्डा बैठक नबस्ने, बैठक बस्नु पर्ने उपयुक्त एजेण्डा भएमा अग्रिम एजेण्डा तय गरी ३ दिन अगावै पत्राचार गरी बैठक आह्वान गर्न निर्देशन दिने निर्णय गरियो ।

(ख) प्रस्ताव नं. (ख) माथि छलफल गर्दा स्थानिय स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन निर्देशिका २०७४ पास गर्ने निर्णय गरियो ।

(ग) यस गाउँ कार्यपालिकाको बोर्डको नियमित १५ पन्द्रौं बैठक आगामी फाल्गुण ७ गते दिनको २ बजे बस्ने निर्णय गरियो ।